# बाढी प्रभावित क्षेत्रमा तटबाँध निर्माण गरिँदै

**गाईघाट समाचारदाता**

*गाईघाट, जेठ २० गते*

गाईघाट बजार सुरक्षाका लागि स्थानीय बरुवाखोलाको बाढी प्रभावित क्षेत्रमा तारजालीमा ढुङ्गा भरेर गरिने तटबाँध निर्माणको काम सुरु भएको छ।

दुई वर्षअघि २०८१ असोज १२ गते परेको अविरल वर्षाका कारण स्थानीय बरुवाखोलामा आएको बाढीले पुरानो बाँध बगाएर मानव बस्तीमा बाढी पसेपछि वर्षाकालीन अवस्थामा असुरक्षित हुँदै आएको गाईघाट बजार यो तटबाँध निर्माण भएपछि भने केही हदसम्म सुरक्षित हुनेमा आफूहरू विश्वस्त बनेको स्थानीय बासिन्दाले बताएका छन्।

बरुवाको बाढीले पुरानो बाँध भत्काएकै स्थानमा अघिल्लो वर्ष निर्माण सम्पन्न गरिएको ५६ मिटर लामो लामो कङ्क्रिट वालसहित प्रभावित क्षेत्रमा ६० मिटर लम्बाइ तथा तीन मिटर चौडाइको ढुङ्गा जालीको तटबाँध निर्माणको काम सम्पन्न गरिएको थियो। त्यसैलाई निरन्तरता दिँदै यो वर्ष सोही क्षेत्रमा थप पाँच सय मिटर तलसम्म तारजालीमा ढुङ्गा भरेर तटबाँध बनाउन लागिएको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना विराटनगरका प्रमुख राजेन्द्रप्रसाद देवले बताउनुभयो।

त्रियुगा नगरपालिकाका नगरप्रमुख वसन्तकुमार बस्नेतका अनुसार २०८१ असोज १२ गते बरुवाखोलामा आएको बाढीले वडा नं. ११ को ढिम्की मन्दिरभन्दा तल करिब ५० मिटर बाँध बगाएपछि बाढीको उच्च जोखिममा परेको गाईघाट बजारलाई सुरक्षित गर्न नगरपालिकाकै पहलमा जल तथा सिँचाइ विभाग जल उत्पन्न प्रकोप महाशाखा जावलाखेलसमक्ष माग गरिएकोमा सोही अनुसार काम भइरहेको बताउनुभयो।

एक करोड ८६ लाख १४ हजार रुपियाँको लागतमा अधिकारी कन्स्ट्रक्सन एन्ड सप्लायर्स दुधौली नगरपालिका-२, सिन्धुलीको निर्माण कम्पनीले आगामी असार २५ गतेभित्र बरुवाखोलाको तटबाँध निर्माणको काम सम्पन्न गर्ने गरी काम भइरहेको आयोजना प्रमुख देवले बताउनुभयो।

उहाँका अनुसार चार मिटर ५० सेन्टिमिटरको लन्चिङ, एक मिटर ५० सेन्टिमिटरको स्लोभर, दुई मिटर उचाइको उच्च गुणस्तरको तटबाँध बनाउने काम धमाधम भइरहेको हो। मनसुन सुरु हुनुअगावै उक्त काम सम्पन्न गर्न नसकिए उदयपुर सदरमुकाम गाईघाट थप जोखिममा पर्ने भएकाले छिटो काम सम्पन्न गराउन कार्यालयले सम्बन्धित निर्माण कम्पनीलाई बारम्बार ताकिता गरिरहेको पनि उहाँले बताउनुभयो।

जिल्ला सदरमुकामसहित गाईघाट बजार सुरक्षाका लागि बरुवाखोला नदी नियन्त्रणको यस किसिमको कार्यले स्थानीय बासिन्दामा अब बरुवाखोलाको बाढीबाट हुने उच्च जोखिमको त्रास क्रमशः हटेर गएको र आफूहरू सुरक्षित भएको महसुस गरिएको स्थानीय उपभोक्ता निर्मला आचार्यले बताउनुभयो।

योजनालाई आगामी वर्षमा समेत निरन्तरता दिन र क्रमागत रूपमा भए पनि खोलेकाको दुवैतर्फ तटबाँध निर्माण गरी त्रियुगा नदीसम्म पुऱ्याउन अति आवश्यक रहेकोले त्रियुगा नगरपालिकाले यससम्बन्धी योजना सम्बन्धित कार्यालय र मन्त्रालयसम्म आफ्नो मागपत्रमा उल्लेख गरी यसअघि नै बुझाइसकेको नगरप्रमुख बस्नेतले बताउनुभयो।